# काठमाडौं महानगरपालिका


नगरकार्यपालिकाको कार्यालय

सामाजिक विकास विभाग

काठमाडौं,बागमती प्रदेश,नेपाल

२०७३


पत्र संख्या : ०८०।०८१

चलानी नं. १२८५

मितिः-२०८०/११/१७

श्री सबै वडा कार्यालय,
काठमाडौं महानगरपालिका ।

विषयः पोषण भत्ता वितरणका लागि विवरण पठाउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा काठमाडौं महानगरपालिका वरिष्ठ जेष्ठ नागरिकहरुलाई वार्षिक रुपमा रु १२०००/- (बाह्र हजार) तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई वार्षिक एकमुष्ठ रु १२०००/-(बाह्र हजार) पोषणयुक्त खाना/सामाग्री/औषधी उपचारमा खर्च गर्ने प्रयोजनका लागि महानगरका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गलाई **मतदाता परिचयपत्र वा नागरिकताको आधारमा महानगरवासीहरुको लागि पोषण भत्ता** शीर्षकमा विनियोजित रकमबाट पोषण भत्ता वितरण गरिने व्ययहोरा जानकारीको लागि अनुरोध छ । पोषण भत्ता प्राप्तिको लागि वडाहरुबाट संलग्न निम्न बमोजिमको विवरण संकलन गरी फागुण मसान्त भित्र तपशिल बमोजिमको मापदण्डको आधारमा पेश गर्नु पर्ने छ ।

तपशिल

१) मिति २०८० आषाढ मसान्तमा ७५ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

२) काठमाडौं महानगरवासी भित्रको स्थायी वासिन्दा ( नागरिकता वा मतदाता परिचयपत्र) वा वसाई सराईको प्रमाणको आधारमा) प्रमाणको प्रतिलिपि ।

३) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका 'क' वर्गको पूर्ण अपाङ्ग भएका लाभग्राहीहरुको अपाङ्ग कार्डको प्रतिलिपी ।

४) पेन्सन लिनेको हकमा लागु नहुने (पेन्सन लिइरहेका व्यक्तिहरुले यो सुविधा प्राप्त गर्न नमिल्ने) ।

सामाजिक विकास विभागमा पेश गर्नुपर्ने विवरणको ढाँचा : (वरिष्ठ जेष्ठ नागरिकको हकमा)

| क्र.सं. | पोषण भत्ता प्राप्त गर्नेको नाम | लिङ्ग | जन्म मिति | नागरिकता प्रमाण पत्र नं. | जारी जिल्ला | मो. नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा रकम | | | | | | | |

बिमला कोइराला
विभागीय प्रमुख
सामाजिक विकास विभाग

# काठमाडौं महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## सामाजिक विकास विभाग

काठमाडौं, बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०८०।०८१
चलानी नं. १२४५

सामाजिक विकास विभागमा पेश गर्नुपर्ने विवरणको ढाँचा : (पूर्ण अपाङ्गताको हकमा)

| क्र.सं. | पोषण भत्ता प्राप्त गर्नेको नाम | लिङ्ग | जन्म मिति | नागरिकता प्रमाण पत्र नं./ जन्मदर्ता प्रमाण पत्र नं. | जारी जिल्ला | मो. नं. | पूर्ण अपाङ्गता परिचय पत्र नं. | सामाजिक सुरक्षा नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| जम्मा रकम | | | | | | | | | |

............
(विमला कोइराला)
नि. विभागीय प्रमुख
सामाजिक विकास विभाग

<u>सादर अवगतार्थ</u>

श्रीमान् प्रमुखज्यू, का.म.पा. ।
श्रीमान् उप-प्रमुखज्यू, का.म.पा. ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू. का.म.पा. ।
श्री सूचना प्रविधि विभाग, का.म.पा. : वेवसाइडमा अपलोड गरिदिनुहुन ।

**नोट** :- वडा कार्यालयहरुले लाभग्राहीहरुको विवरण यसैसाथ संलग्न **Excel Sheet** मा भरेर **socialdept@kathmandu.gov.np** इमेल ठेगानामा पठाउनुहुन अनुरोध छ ।